परिच्छेद ३

# ३.२ छिन्नमस्ताका डोम : दलित पनि 'महादलित'

**पृष्ठभूमि**

इतिहासदेखि नै चण्डाल, शूद्र, अछूत घाटबासीलगायत नामबाट पीडित र लाञ्छित डोम समुदाय हिन्दु वर्ण व्यवस्थामा सबैभन्दा तल्लो जातका रूपमा राखिएकाले शोषणको सबैभन्दा बढी मारमा पर्दै आएका छन्। र, दिनहुँ छुवाछूत जस्ता भेदभावको सिकार बनिरहेका छन् । इतिहासकारका अनुसार आर्य विजेताहरूले अधीनमा लिएका कबिलामध्ये शूद्र नै पहिलो हुन सक्छ र विजेताहरूको सेवा गर्न वा उनीहरूका लागि उत्पादन गर्न अधीनमा लिइएका सबै मानिसको समुदायको नामकरण तिनै शूद्र कबिलाको नामबाटै गरिएको हुन सक्छ *(सिन्हा, सन् २००९ : १७४)*।

तुलनात्मकरूपमा सप्तरी, सिरहा, धनुषा, पर्सा, सुनसरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, मोरङ, नवलपरासी, झापालगायत तराईका जिल्लामा डोम समुदायको बसोबास छ। नेपालमा दलितको जनसङ्ख्या १३ प्रतिशत छ । जसमध्ये तराई दलितको हिस्सा ३५ प्रतिशत छ। नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार डोम समुदायको जनसङ्ख्या १३ हजार २ सय ६८ छ। यो भनेको कुल तराई दलितको १ प्रतिशतभन्दा कम हिस्सा हो। जनगणना २०५८ अनुसार डोम समुदायको जनसङ्ख्या ८ हजार ९ सय ३१ थियो। तराई दलितमध्ये जातीय उच/नीचका हिसाबले सबभन्दा तल्लो र सामाजिक, आर्थिकरूपमा पिछडिएको भनेर डोम समुदायलाई नै मानिन्छ।

मर्यादाक्रममा, सामाजिक श्रेणीमा सबैभन्दा तल पारिएको र अछूत मानिएको डोम समुदायको श्रम, सिप, कला पितृकार्य र भगवानको पूजामा प्रयोग हुन्छ। हिन्दु धर्मअनुसार मधेसमा उनीहरूबाट किनिएको आगोले दागबत्ती दिइयो भने मृतकको स्वर्गमा बास हुने विश्वास छ।

दलितभित्रका पनि दलित डोम समुदाय राज्यको मूल प्रवाहमा पर्न नसकी सबैभन्दा पिछडिएको र कमजोर अवस्थामा छन् । जीवनका सबै क्षेत्रमा सबैभन्दा पछाडि रहेको डोम समुदायले भोगिरहेको समस्यामा छुवाछूत, विभेद, बेरोजगारी, भूमिहीनता, परम्परागत पेशाको गिरावटलगायत छन् भने राजनीतिक समस्यामा प्रतिनिधित्व, पहुँच, नियन्त्रण र सहभागिता कोसौँ टाढा छ। शिक्षा र चेतनाको अभाव, कानुनको अपर्याप्तता र भएका कानुन कार्यान्वयन हुन नसक्दा विभेद र शोषणको मारमा छन् । निरक्षरता, गरिबी, बेरोजगारी, स्रोत/साधनबाट विमुख, भूमिहीनताको समस्या र अछूत बन्नुपरेका कारण थप शोषण र पीडाबाट गुज्रन बाध्य छन्।

यो समुदायभित्र पनि बालविवाह, बहुविवाह, घरेलु हिंसा, दाइजो प्रथा, पितृसत्तात्मक सामन्ती प्रवृत्ति व्याप्त छ। महिलाहरू लैङ्गिक र जातीय विभेदको दोहोरो मार र उत्पीडनमा छन्। श्रम, शारीरिक र यौन शोषणमा पर्ने महिलामाथि कथित बोक्सीको आरोपमा अपमानित र पीडा दिने गरिन्छ। उनीहरूले अपमानित भएर परम्परागत काम गर्नुपर्ने, फोहोर सफा गर्नुपर्ने, जुठो बटुल्नुपर्ने, सुँगुर पाल्ने, मुर्दाघाट रुँघ्ने काम गर्नुपरेको छ। शिक्षा र निजामती सेवामा पहुँच नहुनाले राज्यबाट प्राप्त हुने सुविधाबाट पनि यो समुदाय वञ्चित छ।

यसरी पिँधमा पारिएको डोम जातिको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था अध्ययन गरी सीमान्तकृत समुदायभित्र पर्ने यो जातिलाई राज्यको मूलधारमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गराउने प्रयोजनका लागि यो अध्ययन गरिएको हो।

**अध्ययनको उद्देश्य**

- डोम जातिको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक अवस्थाबारे जानकारी लिने।
- यो समुदायको समस्या उजागर गरी समाधानको उपाय पहिचान गर्ने।
- सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा/सुविधा वितरण प्रणालीलाई सहज बनाउन भूमिका निर्वाह गर्ने।
- राज्यको नीति र कार्यक्रम कार्यान्वयनको

अवस्थाबारे जानकारी लिने।

- योे समुदायको जीवनयापन सहज तुल्याउन र राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवाला निकायको ध्यानकर्षण गराउने।
- डोम समुदायसँग सम्बन्धित गैरसरकारी संस्था र सरकारी बजेट, कार्यक्रम आदिको खर्च, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गराउन सघाउने।

**अध्ययनको महत्त्व**

समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन्छ । समानुपातिक विकास आजको आवश्यकता हो । समग्र समाजको विकासमा सबैको समान दायित्व र योगदान हुन आवश्यक छ। समुन्नत समाजको विकासमा सबै वर्ग, जाति, लिङ्गको समान महत्त्व हुँदाहुँदै पनि राष्ट्रको समग्र स्थितिमा भने समानता देखिँदैन।

राज्यले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रलगायत विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता र राष्ट्रिय कानुन कार्यान्वयन गर्न राष्ट्रको सम्पूर्ण अङ्गले विशेष जोड दिनुपर्ने हुन्छ।

नेपालको संविधान २०७२ ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक/सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ।

संविधानले नै धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा २९ मा शोषणविरुद्धको हक र धारा ४० मा दलितको हक सुनिश्चित गरेको छ। छुवाछूत र भेदभाव गर्न नपाइने भने पनि व्यवहारमा भने समानता छैन।

मुलुकमा बसोबास गर्ने सबै जातजाति वर्गमा विकासको प्रतिफल पुऱ्याउने कार्यमा राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ।.महिला, जनजाति, आदिवासी, दलित, सामाजिक र आर्थिकरूपमा लाभबाट वञ्चित समूहहरूको सहभागिता बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्नु राज्यको दायित्व हो। यही दायित्वअनुरूप स्थानीयदेखि केन्द्रीय सरकारसम्मले विकासका लागि साधनहरूको परिचालन र बाँडफाँटद्वारा सामाजिक समानता ल्याउने उद्देश्य राखेको छ र सोहीअनुसार कार्य गर्दै आइरहेको छ।

विकासको कामलाई बढी प्रभावकारी बनाउन पछाडि पारिएका समुदायको समस्या उजागर गरी समाधानका लागि राज्यलाई उत्तरदायी हुनेतर्फ उन्मुख गराउनुपर्छ । विकास प्रक्रियालाई संस्थागत गर्न उनीहरूको स्थिति पहिचान र परीक्षण पनि आवश्यक छ। यसले दलितको पक्षमा राज्यलाई उत्तरदायी हुनेतर्फ उन्मुख गराउँछ। यस प्रक्रियाले मूलप्रवाहीकरण तथा सशक्तीकरणसम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्त्वको भावना जगेर्ना गर्न सघाउँछ। अवस्था विश्लेषण गरी सबै दलितका लागि एउटै नभई दलितको पनि दलित डोम समुदायका लागि विशेष कार्यक्रम तथा बजेट छुट्ट्याउनुपर्ने बोध गराउँछ।

अल्पसङ्ख्यक डोमको जनसङ्ख्या र अन्य विभिन्न विषयबीचको अन्तरसम्बन्धबारे थाहा पाउन सामाजिक, आर्थिक विकासका विभिन्न योजना निर्माणका लागि आवश्यक तथ्याङ्क प्राप्त गर्न, आवश्यक विकासका लागि योजना तर्जुमा गरी राज्यलाई कार्यक्रम सञ्चालन गर्न, मूलप्रवाहीकरण गर्न र शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवसरको व्यवस्था मिलाउन यो अध्ययनको महत्व छ।

**अध्ययनको विधि**

- स्थलगत भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता र भेटघाट
- व्याख्यान (एक जनाले व्याख्या गरिरहने, बोलिरहने तथा अर्कोले चूपचाप सुनिरहने सबैभन्दा पुरानो र सरल विधि। सामाजिक विज्ञान अध्ययन गर्ने यो अत्यन्त प्राचीन विधि हो। जेम्स एम. लि. का अनुसार व्याख्यान एउटा शास्त्रीय शिक्षण विधि हो । जसमा एक जनाले औपचारिक र नियोजितरूपमा कुनै विषय एकोहोरो व्याख्या गर्छ। अरुले ध्यानपूर्वक सुन्छन्। एक जना सक्रिय हुन्छ र बोलिरहन्छ भने अर्को पक्ष निष्क्रिय रहन्छ।
- विभिन्न निकायका प्रतिवेदन अध्ययन
- द्वितीय स्रोत सामग्री अध्ययन तथा प्रयोग

**अध्ययनको सीमा**

यो अध्ययन प्रतिवेदनमा सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बसोबास गर्ने अल्पसङ्ख्यक डोम जातिबारे मात्र समेटिएको छ। जहाँ ७८ महिला र ७२ पुरुष गरी १५० जना डोमको बसोबास छ । हाल छिन्नमस्ता गाउँपालिकाको ७ वडामध्ये वडा नं. १ मा १ घर, २ र ३ मा १४/१४ घर, तथा ५ र ६ नं. मा ११/११ घर डोम बस्छन्।[1] यो जातिको परिचय, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको कला, संस्कृति, रहनसहन, चालचलन, खानपिन, वेशभूषा, भाषा र सामाजिक सम्बन्धबारे अधिकारको दृष्टिकोणबाट चर्चा गरिएको छ। डोम जातिको अवस्था बुझ्न सम्बन्धित समुदाय र अन्य सरोकारवालासँग पनि छलफल गरिएको छ र चुनौती केलाउने प्रयास गरिएको छ। अध्ययनमा उल्लिखित सूचना प्रारम्भिक र द्वितीय दवै स्रोतबाट लिइएको छ । यसले माथि उल्लिखित क्षेत्रमा बसोबास गर्ने डोम जातिबारे मात्र प्रकाश पार्ने भएकाले अन्य जिल्लामा बसोबास गर्ने डोम जातिका कतिपय रीतिरिवाज, परम्परा आदि मेल नखान सक्छ।

**बसोबास र जनसङ्ख्या**

दक्षिण एसियामा मूलतः उत्तरी भारतमा लाखौँको सङ्ख्यामा रहेका डोम समुदायको बसोबास नेपालको तराई मधेससम्म फैलिएको छ । जोसुआ प्रोजेक्टका अनुसार भारतमा २१ लाख २८ हजार, बङ्गलादेशमा २४ हजार, नेपालमा १३ हजार र पाकिस्तानमा १ सय डोमको बसोबास छ।[२]

डोम समुदायको बसोबासको मुख्य क्षेत्र भारतको पश्चिम बङ्गाल, बिहार र उत्तर प्रदेश ? का साथै नेपालको तराईको सीमान्त भूभाग हो *(पासवान, भोला, इरिशा सुवाल २०६५ : ४९)*।

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेकामा दलित मधेसीको जनसङ्ख्या १३ लाख ४० हजार ३ सय २१ छ। जसमध्ये ६६६८ पुरुष र ६६०० महिला गरी डोमको जनसङ्ख्या १३ हजार २ सय ६८ मात्र छ। जसमध्ये शहरी क्षेत्रमा ३०७० र ग्रामीण क्षेत्रमा १०१९८ बसोवास गर्छन् । डोम समुदायको जनसङ्ख्यामध्ये तराईमा १२ हजार ८ सय ३३, पहाडमा २४ र हिमालमा ४ सय ११ जना बसोबास गर्दै आइरहेका छन्।

**स्थानीय तह वस्तुगत विवरण**

| सप्तरीको स्थानीय तह विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| अग्निसाइर कृष्णासवरन गाउँपालिका | ४२ | ५९ | १०१ |
| बलान बिहुल गाउँपालिका | ७० | ५८ | १२८ |
| बेल्ही चपेना (राजगढ) गाउँपालिका | ४५ | ३८ | ८३ |
| विष्णुपुर गाउँपालिका | ३५ | ३८ | ७३ |
| बोदे बरसाइन | ७४ | ९१ | १६५ |
| छिन्नमस्ता गाउँपालिका | ७८ | ७२ | १५० |
| डाकनेश्वरी नगरपालिका | ७४ | ५८ | १३२ |
| हनुमाननगर कङ्कालिनी नगरपालिका | ८१ | ९० | १७१ |
| कञ्चनरूप नगरपालिका | ३४ | ५४ | ८८ |
| खडक नगरपालिका | ६१ | ५१ | ११२ |
| महादेवा गाउँपालिका | २२ | २३ | ४५ |
| राजविराज नगरपालिका | ७६ | ६५ | १४१ |
| रूपनी गाउँपालिका | ४६ | ४७ | ९३ |
| सप्तकोसी नगरपालिका | २१ | २१ | ४२ |
| शम्भुनाथ नगरपालिका | ६४ | ५२ | ११६ |
| सुरुङ्गा नगरपालिका | २२ | ३० | ५२ |
| तिलाठी कोइलाडी गाउँपालिका | ५३ | ४४ | ९७ |
| तिरहुत गाउँपालिका | ४० | ४२ | ८२ |
| जम्मा | ९३८ | ९३३ | १८७१ |

*स्रोत :* स्थानीय तह वस्तुगत विवरण सप्तरी, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग (पृष्ठ ३०–४३)

सम्पूर्ण मुलुकको चरित्रझैँ सप्तरीमा पनि बहुधार्मिक, बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक समुदायको सहिष्णुतापूर्ण समिश्रण छ । राष्ट्रिय जनगणनाअनुसार ९७ जातजाति रहेका यस जिल्लामा यादव, थारू, तेली, धानुक, मुसलमान, मुसहर, कोइरी, चमार जातिको सङ्ख्या अगाडि छ। ३७ किसिमका मातृभाषी रहेका सप्तरीमा क्रमशः मैथिली, थारू, नेपाली, र उर्दु भाषी बढी छन्।

८ वर्षअघिको जनगणनाले सबैभन्दा बढी पूर्वाञ्चलमा ६५५१, मध्यमाञ्चलमा ६३४६, पश्चिमाञ्चलमा २६९, सुदूर पश्चिमाञ्चलमा ७७ र मध्य पश्चिमाञ्चलमा २५ जना डोम बस्ने तथ्याङ्क

१. २०७६ माघ ९ गते छिन्नमस्ता–३ सप्तरीका अगुवा युक्तिलाल मरिकसँग गरिएको कुराकानीमा आधारित

२. https://joshuaproject.net/people_groups/16734

सार्वजनिक गरेको थियो। पहिलेदेखि बसोबास गरिरहेका डोमहरूको अनुमतिबिना अन्य ठाउँबाट अरु डोम आएर बसोबास गर्न नपाउने प्रचलन कायम रहेकाले यिनीहरूको निश्चित भूगोलमा सघन बसोबास छैन्। कार्य/व्यापारका लागि छरिएका छन्। डोमहरू जातीय परम्पराले सुविधाजनक ठाउँ भनेर मूल्य तिरेर पनि जग्गा किन पाउँदैनन् तसर्थ जसको पुर्खा जहाँ बसे, त्यहीँ बसिरहन्छन्। तथापि सप्तरी, सिरहा, सुनसरी, मोरङ, झापा, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा र पर्सामा तुलनात्मकरूपमा यो जातिको बसोबास पाइन्छ। डोम समुदायको जनसङ्ख्या कुल जनसङ्ख्याको ०.०५ प्रतिशत हुन आउँछ। सप्तरीमा ३१३८४६ पुरुष र ३२५४३८ महिलासहित ६३९२८४ जनसङ्ख्या छ। जसको घर सङ्ख्या १२१०९८ छ। जसमध्ये पुरुष ९३३ र महिला ९३८ गरी १ हजार ८ सय ७१ डोम बस्छन्।[3]

### पेसा र आर्थिक अवस्था

हिन्दु वर्णाश्रममा सबैभन्दा पिँधमा रहेको डोम (मरिक) को स्थिति सबैभन्दा नाजुक छ। आर्थिकरूपले विपन्न डोम भूमिहीन भएकाले अरुको घर, खेतमा ज्याला मजदूरी गर्छन्, सुङ्गुर पाल्छन् र बाँसजन्य सामग्री बनाएर बेचबिखन गरी जीविकोपार्जन गर्छन्। हाल आएर आर्थिक उपार्जनका लागि युवाहरू विदेशिन पनि थालेका छन्। डोम समुदाय नेपालको सबैभन्दा गरिब समुदायमध्ये एक हो र कथित उच्च जातबाट मात्र नभई अन्य दलितबाट समेत शोषित छन्। आम्दानीको कूल रकममध्ये सबैभन्दा बढी जाँड, रक्सी, मद्यपान अनि धूमपानमा खर्चिने भएकाले यिनीहरू बचत गर्दैनन्। सानै उमेरदेखि बिँडी, चुरोट, खैनी, गाजा, रक्सीका अम्मली बन्ने यिनीहरू श्रमबापत प्राप्त अधिकांश रकम यसैमा खर्च गर्छन्। डोम समुदायको मुख्य परम्परागत पेसा विभिन्न किसिमका बाँसका टोकरी बनाउनु र बेच्नु हो। साथै चिहान खन्ने र लाश जलाउने पेसा पनि उनीहरू गर्छन्।

मधेसमा डोमबाट किनिएको आगोले दागबत्ती दिएमा मृत व्यक्तिको स्वर्गमा बास हुने विश्वासअनुसार नजिकको डोमको घर गएर दाहसंस्कार गर्न लागिएको घाटमा बोलाइन्छ। डोमले बालेको सलाइ, लाइटरको आगोले दाहसंस्कार हुन्छ। यसरी आगो दिने डोमलाई मृतक परिवारले गच्छेअनुसार २ सय, ५ सय रुपियाँ दिने गर्छन्। एक पुस्ताअगाडि जमिन्दारहरूले गरगहना र जग्गा दिएका उदाहरण पनि छ। गाउँघरमा मरेका कुकुर, बिरालो, घोडा, गधा फाल्ने, जुठोपुरो खाने, दाहसंस्कारमा प्रयोग भएका दाउरा प्रयोग गर्ने, मृतकको फालिएको कपडा लगाउने काम भने यिनीहरूले छाडेका छन्।

### सामाजिक तथा सांस्कृतिक अवस्था

अशिक्षा र चेतना अभावले जातीय भेदभाव, उत्पीडन र तिरस्कार सहेर बस्नुलाई डोम समुदाय नियति नै ठान्छन्। राजनीतिमा सहभागिता शून्य भए पनि जातीय जमिनदारी प्रथामार्फत आफ्नै समुदायमाथि शासन गर्ने परम्परा कायम छ। गाउँ खरिद बिक्री, बिहेबारी र छोडपत्र गराउनेदेखि झै–झगडा तथा परम्परा उल्लङ्घन गर्नेलाई दण्ड/सजाय तोक्ने अधिकार समुदायको माइन्जन, जवारलाई *(जातीय नाइके)* हुन्छ। माइन्जन, जवारको मृत्युपछि निजको जेठो छोरा त्यस पदको दाबेदार हुन्छ।

डोम समुदायको विवाहमा रक्सी र सुङ्गुरको मासु अनिवार्य छ। माघे सङ्क्रान्तिमा ग्राम देउतालाई र दसैँमा कुल देउतालाई सुङ्गुर बलि दिने चलन छ। डोम समाज र परिवारमा महिलाको सामाजिक/आर्थिक हैसियत कमजोर छ।

दलितमध्ये पनि डोम, मरिक, हलखोर, मुसहर, सरभङ्ग, सदा, मोची, हरिजन, राम, चमार शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिकरूपले अत्यन्त पिछडिएको समुदाय हो। पछाडि पारिएका दलित समुदायको अवस्था र दलितमध्येकै पनि डोम समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थामा आकास–जमिनको अन्तर छ। यिनीहरू २१औँ शताब्दीमा पनि शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिकरूपले समग्र दलित समुदायभन्दा निकै पछाडि पारिएका छन्।

### जन्म संस्कार, न्वारन, छठिहार

डोम समुदायमा छोरा भएमा सुङ्गुरको पाठो काटेर भोज गर्छन्। छैटौँ दिनमा हुने छठिहारका लागि मामाघरबाट नयाँ बस्त्र आउँछ। तातो पानीले नुहाएर शिशुलाई नयाँ बस्त्र लगाइदिन्छन्। छठिहारको राति तेल, गाजल लगाएर शिशुको मुख, आँखा छोपिन्छ र छिमेकीलाई भोज खुवाइन्छ। भेला भएका महिलाले छलफल गरी नाम राख्छन्।

छठिहार नहुञ्जेल सुत्केरी नजिक छिमेकीहरू कोही जाँदैनन्। गएमा, बास बसेमा गङ्गाजल र तुलसी

३. स्थानीय तह वस्तुगत विवरण सप्तरीको पृष्ठ ३०, केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग

पानीले नुहाइ शुद्ध हुने चलन छ। डोम समुदायले गरिबीका कारण छैटी वा न्वारन गर्ने संस्कार छाडेर बाबुआमाले नै बच्चाको नाम राख्न थालेका छन्। नयाँ सन्तान जन्म भएमा परिवारका सबै महिला सदस्यले हातमा लगाएको चुरा फुटाएर नयाँ लाउँछन्। जन्मेको १२ दिनमा बरही हुन्छ र शिशुलाई पुनः नयाँ कपडा दिनुपर्छ।

**विवाह संस्कार**

डोम समुदायमा छिटै बिहे गर्ने चलन छ। सप्तरीका ८० प्रतिशत डोम समुदायका बालबालिकाको बाल्यकालमै विवाह हुन्छ। छोरीको रजस्वला हुनुपूर्व नै विवाह गरिदिएमा आमा/बाबुले स्वर्ग प्राप्त गर्ने विश्वास कायम रहेकाले बाल विवाह कायमै रहन पुगेको हो।

एक दशकअगाडिसम्म आमाको दूध खाइरहेकै बालबालिकाको बिहे हुने गर्थ्यो। अहिले १२/१३ वर्षसम्मको उमेरमा प्रायः सबैको बिहे भइसक्छ र १६ वर्ष नपुग्दै दूरागमन गरी माइतबाट घर भित्र्याइन्छ।

नातागोताले बिहे गर्ने नयाँ बेहुला–बेहुलीको खोजी गर्छन् र गाउँमा भोजभतेरका बेला उनीहरूबारे चर्चा गर्छन्। चर्चा गरिएका केटा र केटीका बुबाबाट रक्सी मगाउन लगाउँछन्। सबैले रक्सी खाँदै केटा वा केटीको घर जाने मिति तय हुन्छ। पहिलोपटक ५–७ जना अभिभावक केटा वा केटीमध्ये कसैको घरमा जान्छन्। बिहेको कुरा छिन्नुअघि ३/४ चोटी खानपिन हुन्छ। यसरी बिहेका कुरा अगाडि बढाउन जाने अभिभावकलाई सुङ्गुर, माछा, कुखुरा र रक्सीले स्वागत गरिन्छ। बिहान अभिभावकले विवाह हुने केटा वा केटी हेर्छन्। मन पराएमा खानपान रातिको भन्दा दोब्बर हुन्छ। मन परेन र अभिभावकले केटा वा केटीलाई छेकेनन् भने अर्को पक्षका अभिभावकलाई निमन्त्रणा गरी उसै प्रकारले खानपिन गराएर हिसाब सघाउनुपर्छ। बिहे नहुने भएपछि किन भोज सघाउन जानु भनेर नजानेहरूले अर्को पक्षबाट आफूले गरेको खानपिनको खर्च असुल्ने चलन पनि छ।

केटी पक्ष केटाकहाँ गएर वरलाई छेका दिएर छेक्छन्, केटा पक्षले केटीलाई देखेको छ र मन पराएको छ भने छेक्छन् अन्यथा छेक्दैनन्।

पुरुष आफन्त, अभिभावक एकअर्काको घर गई बिहे छिनोफानो गर्ने डोम समुदायमा विवाहपूर्व एकले अर्कालाई देखादेख गर्ने प्रचलन नै छैन। बिहेमा केटीका मामाले बेहुला/बेहुलीलाई दुवै काखमा राख्छन्, जवारहरूले दुवो, धान दिन्छन्, केटीकी भाउजूले सिन्दूर दान गराउँछिन्। केटीका दिदी, भिनाजु, बहिनी, ज्वाइँले होम आदि विधि गर्छन् भने अर्कोतर्फ केटाका दिदी, भिनाजु, बहिनी, ज्वाइँले बिहेको सम्पूर्ण विधि गर्छन्। बिहेलगत्तै बेहुलीलाई घर भित्र्याउने चलन छैन्। बेहुलीको उमेर १५/१६ वर्ष भएपछि केटाले च्युरा, दही, चामल, लड्डु, नयाँ कपडा, सुङ्गुरको भार लिएर जान्छन् र दुरागमनको मिति तय गर्छन्। त्यसअगावै अन्यसँग भागे वा भगाएर बिहे गरेमा जारी खर्च तिर्नुपर्छ।

बालविवाह कायम रहनुले बालबालिकाले शिक्षा आर्जन गर्न नसकेको अवस्था त छँदैछ यसले मातृ मृत्यु दर पनि वृद्धि गरेको छ। र, बालिकाको स्वास्थ्यमा समेत असर पुग्ने गरेको छ। अन्य जातिले डोम समुदायलाई निषेध गरेझैँ डोम समुदायमा अन्य जाति, समुदायसँग बिहे गर्न पूर्णतः निषेध गरिएको छ। अन्य जातिलाई बिहे गरी ल्याएमा उसै जातिबाट सम्बोधन गरिन्छ र आफ्नो जातबाट निकाला हुन्छन्। जातमा पुनः स्वीकार्य हुन गङ्गास्नान गरेर समुदायमा ठूलो भोज आयोजना गर्नुपर्छ।

**मृत्यु संस्कार**

यो जातिमा मृत्यु भएपछि मलामी जानेहरूलाई निम्ता गर्नुपर्छ। नयाँ कपडाले बेरेर शवलाई बाँसको चचरीमा राखी तिल, जौ, मह, मखन, तोरी चढाइन्छ। शवलाइ घाट पुऱ्याउँदा प्रशस्त मात्रामा तोरीका दाना छर्दै जान्छन्। तोरीको दाना टिप्दाटिप्दै बिहान हुन्छ र मृत्यु भएका मानिस फर्केर आउन पाउँदैन भन्ने मान्यताले शवयात्राका बेला तोरीको दाना बढी मात्रामा छिट्ने गरिन्छ। बालबालिकालाई भने जमिन खनेर गाडिन्छ। ठूला मानिसको दाह संस्कारका लागि चिता तयार गरिन्छ। दाउराकै चिता बनाएर जलाइने गरिएकामा समयक्रममा मृत्यु संस्कार पनि परिवर्तन हुँदैछ। दाउरा किन्न धेरै खर्च लाग्ने भएकाले लाश जलाउने भन्दा पनि गाड्न थालेका छन्। कतिपयले नदीमा मिल्काउने पनि गरेका छन्।

शवहरू मिल्काउन, गाड्न थालेपछि सबैबाट एउटा/एउटा दाउरा गुइँठा सहयोग गर्ने चलन पनि बढेको छ। दाहसंस्कारका लागि ५ वटा कौडी र तामाको पैसा दिएर किनेको जग्गामा शव जलाइन्छ। शव जल्न थालेपछि श्राद्ध मृत्युभोजको गुण र स्तरबारे छलफल हुन्छ। शव जलाएर घर आएपछि मलामीहरूले मृतक परिवारसँग साँढे १/२ हजार रुपियाँ लिन्छन् र रक्सी तथा मुरही (भुजा) किनेर ल्याइ खान्छन्। यसलाई उनीहरू भाङ्गभुजा भन्छन्। भाङ्गभुजाकै बेला मलामी

जानेहरूले भोजको स्टिमेट बनाउँछन्। नजिकका मलामी भाङ्गभुजा खाएर घर फर्कन्छन् भने टाढाबाट आएकालाई बस्ने र सादा खानाको प्रबन्ध गर्नुपर्छ।

चौथो दिन दाह संस्कार गरिएको स्थानमा माटोले पुरेर उँचो ढिस्को बनाइ तुलसी रोप्छन्। सोही दिन मलामी जाने सबैलाई अनिवार्य भोजको निमन्त्रणा हुन्छ। मृत्युको १२औँ दिन नङ्केश (नहकेश) काटी शुद्ध भई चोखिन्छन् र १३औँ दिन श्राद्धमा दाल, भात, तरकारी, मिठाइको सादा खानाको भोज हुन्छ। सप्तरीको २ प्रगन्नामा सादा खानाको भोज चले पनि पकरी प्रगन्नमा मासुसहितको भोज चल्छ। उनीहरूले भोजका दिन सुङ्गुरको टाउकोको ४ भागमध्ये कान भएको १ भाग भात, दाल, तरकारी, पापडमाथि राखेर माटाको फुच्चीमा पानीसहित साथमा जिलेबी, रसबरी, फलफूल दाहसंस्कार भएको स्थानमा लगेर राख्छन्। खाएमा भूतप्रेतको जुनी लिएको र नखाएमा स्वर्ग पुग्यो भन्ने विश्वास गरिन्छ।

मृत्युको १४औँ दिन ३ वटै प्रगन्नामा ठूलो सुङ्गुर (७०–८० किलो जतिको) काटेर रक्सीसहितको भोज खुवाउनुपर्छ। मृत्युको १५औँ दिन जवारहरूले ३ हजार रुपियाँ लिन्छन्। उनीहरूको भोजमा पिठिया (छालाको मात्र भाग), गबिया (फल मासु) र सहरी (हड्डीसहितको मासु) गरी ३ किसिमको मासु पाक्छ र सबैलाई २–२ टुक्रा भाग लगाउनुपर्छ। अन्तमा दही च्युराको भोज खान्छन्। मृत्यु संस्कारको सबै विधि मृतकका भान्जाले गर्छन्।

**धर्म, भाषा**

हिन्दु धर्म मान्ने डोम मैथिली भाषा बोल्छन्। आपसमा र अन्यसँग बोल्दा मैथिली भाषा प्रयोग गर्ने यिनीहरूको गोप्य भाषा पनि छ। अन्य जाति, समुदायको उपस्थितिमा आफ्ना मानिसलाई सचेत र सावधान गराउनु पऱ्यो वा गोप्य कुराको जानकारी दिनुपऱ्यो भने अन्य मानिसले थाहा नपाउने गरी यो भाषा प्रयोग गर्दै आएका छन्।

यो भाषाको उत्पत्ति र लिपिबारे जानकारी नभए पनि सबै डोमले यो भाषा बुझ्छन् र प्रयोग गर्छन्। मासुको टुक्रालाई झुठी, माछालाई छिम, भातलाई मैठका, रक्सीलाई घुमनी, बाँसलाई चौस, सचेत बनाउन टिग भन्ने गरेका यिनीहरूले अन्य जातिका मानिस खोज्दै आएका छन् भनेर सावधान गराउन 'नेठको जात बौडा' भन्ने गरेका छन्।

**चाडपर्व**

उनीहरू हिन्दुले मानेजस्तै विभिन्न चाडबाड मनाउँछन् तर मनाउने तरिकामा भने परिवर्तन आउँदैछ। दसैँ, तिहार, छठ, माघे सङ्क्रान्ति, होली, चौठी चाँद (चौरचन), जितिया, असारी, सिरुवा, श्रीपञ्चमी मनाउँछन्। सिरुवा र श्रीपञ्चमीमा विवाह गर्नेले ठूलो सुङ्गुर, सानो सुङ्गुर, खसी, भेडी, परेवा गरी ५ वटा बलि दिनुपर्छ। जेठो छोरा वा छोरीको विवाहमा पनि अनिवार्य ५ वटा बलि दिनुपर्छ। दसैँको सप्तमी र नवमीको दिन गोसाई घर (कुलदेवताको पूजा घर) मा अनिवार्य सुङ्गुरको पाठो बलि चढाउनुपर्छ। दिनाभद्री, बाबा श्याम सिंह, सती बिहुला, गहिल, गोरैया र कालीको गीत गाउँछन्। पछिल्लो समय धार्मिक गतिविधि र देवी/देवताको पूजाआजामा युवा डोमले रुचि देखाउन छाडेका छन्।

**पोशाक**

धोती, कुर्ता, गम्छी, सेन्डो, सारी, फ्रक लगाउने डोम समुदाय पाहुना जाँदा लाठी टेकेर जान्छन्। पाहुना गएको घरभित्र लाठी राख्छन् र पाहुना बिदा हुने बेलामा लाठी फिर्ता लैजान्छन्। अहिले लुङ्गी, पेन्ट, हाफपेन्ट पनि लगाउन थालेका छन्।

**स्वास्थ्य**

आर्थिक र सांस्कृतिक अवस्थामा सबैभन्दा तल पारिएको डोम समुदायको स्वास्थ्य अवस्था अन्य जातिको तुलनामा नाजुक छ। स्वास्थ्य सेवामा पहुँचको र सूचनाको अभाव छ। सन्तुलित आहार र कुपोषणको जानकारी नहुनाले ठूलो सङ्ख्या कुपोषणबाट ग्रस्त छ। पोखरीको डिल, सडक छेउ ऐलानी, पर्ती जग्गामा छाप्रो बनाइ बस्ने डोमहरू घरछेउमै र घरभित्रै सुङ्गुर पाल्ने, आँगनमै बाँसका सामग्री बनाउने, सरसफाइमा ध्यान नदिने गर्नाले सामान्यतः फोहोर रहने गर्छ।

नेपाल मानव विकास प्रतिवेदन, २००१ अनुसार प्रत्येक १ हजार शिशुको जन्ममा दलितको ११६ बाल मृत्यु दर छ। मधेसका बालबालिकामा उच्च जातदेखि मध्यम जात हुँदै दलित समुदायसम्म जति मात्रामा जातको तह घट्दै जान्छ, त्यहीँ अनुपातमा उनीहरूको कुपोषणको मात्रा बढ्दै जान्छ *(सिंह र अन्य २००९)*। डोम परिवारको औसत आकार ६ जनाभन्दा माथि छ जुन राष्ट्रिय औसतभन्दा[४] ठूलो हो। यसले डोम समुदायमा प्रजनन दर औसतभन्दा उच्च रहेको देखाउँछ। महिला मृत्यु दर पनि डोम समुदायमा औसतभन्दा उच्च छ

*(साह : सन् २००७)*। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले सार्वजनिक गर्ने मानव विकास प्रतिवेदनमा नेपालीको औसत आयु ७०.५ वर्ष उल्लेख छ जसमा महिलाको औसत आयु ७१.९ वर्ष र पुरुषको ६९ वर्ष छ। परिवार नियोजनबारे चेतना नभएका कारण सन्तान वृद्धि र मातृ शिशु मृत्यु दर बढी छ।

**शिक्षा**

सरकारले सबैभन्दा बढी शिक्षा क्षेत्रमै लगानी गर्ने गरे पनि विपन्न डोम समुदायमा शिक्षाको पहुँच पुग्न सकेको छैन। शैक्षिकस्थलमै छुवाछूतका कारण शिक्षाको स्तर उठ्न सकेको छैन। डोम समुदायका सदस्यलाई नागरिकता र यो पाउने प्रक्रियाबारे पनि जानकारी छैन। उनीहरूलाई जन्म, मृत्यु, विवाह, बसाइँ सराइ जस्ता घटना दर्तासम्बन्धी हेक्का पनि छैन।

अध्ययन गरिएको क्षेत्रमा ६० प्रतिशत डोमसँग मात्र नागरिकता प्रमाणपत्र रहेको छ। प्रमाण, पैसा र चेतनाको अभावका साथै झन्झटिलो प्रशासनिक प्रक्रियाले गर्दा अध्ययन क्षेत्रका ४० प्रतिशत डोम समुदायले अझै नागरिकता प्रमाणपत्र लिएका छैनन्।

डोम समुदाय प्रायः अशिक्षित छ। उनीहरूमध्ये धेरैजसोले स्कुलको मुख कहिल्यै देख्न पाएका छैनन्। त्यसकारण उनीहरू प्रत्येक क्षेत्रमा पछि परेका छन्। अरु तराई दलितका तुलनामा डोमको साक्षरता दर कम छ। कुल डोम उत्तरदातामध्ये ८६ प्रतिशत पूरै निरक्षर भएको पाइयो। डोम समुदायमा प्राथमिक तह पूरा गरेका १.४ प्रतिशत, निमावि तह पूरा गरेका १.३८ प्रतिशत र एसएलसी पास गरेका डोम १.३८ प्रतिशत थिए। खट्किँदो वास्तविकता के देखियो भने डोमहरूमध्ये एकजना पनि महिला साक्षर थिएनन्। तर आजभोलि डोम समुदाय शिक्षाप्रति आकर्षित भने भइरहेका छन् *(साह : सन् २००७)*।

पछिल्लो समय थोरै सङ्ख्यामा पढ्न थालेका डोममध्ये २०७३ सालमा सर्लाही मलङ्गवाका चन्ऽदेव मल्लीले पहिलोपटक इन्जिनियरिङ पास गरे। उनलाई २०७३ साउन ८ गते सर्विस फर पिस नेपाल र लायन्स क्लब अफ हरिवनले एक कार्यक्रम आयोजना गरी सम्मानसमेत गऱ्यो। चन्द्रदेवकी बहिनी भारतमा एमबिए अध्ययन गरीरहेकी छिन्।[५]

सप्तरीमा युक्तिलाल मरिक, उपेन्द्र मरिक, विजय मरिक र विनोद मरिकले मात्र स्नातक गरेका छन्। १२ जना प्रवीणता प्रमाणपत्र तह र २६ जना एसएलसी उत्तीर्ण छन्। साक्षर हुनेमा अन्य जिल्लाको तुलनामा सप्तरीकै युवा बढी छन्। सबैभन्दा पहिले एसएलसी, प्रवीणता प्रमाणपत्र र स्नातक गर्ने युक्तिलाल मरिक छिन्नमस्ता गाउँपालिका–२ रमपुराका बासिन्दा हुन्। उनकै छोरा दिनेश अहिले नेसनल मेडिकल कलेज वीरगन्जमा एमबिबिएस अध्ययनरत छन्। उनी एमबिबिएसमा अध्ययन गर्ने डोम समुदायको पहिलो नेपाली हुन्।

**राजनीतिक, सामाजिक सङ्घ/संस्थामा आबद्धता**

डोम समुदाय राजनीतिमा सक्रिय नहुनाले स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा राजनीतिक प्रतिनिधित्व छैन। उनीहरू केवल मत दिन्छन्। स्थानीय तहमा मनोनीत वडा सदस्यसमेत छैनन्। छिन्नमस्ता गाउँपालिका–२ का ५४ वर्षीय युक्तिलाल मरिक हालैमात्र राष्ट्रिय पार्टी नेकपा सप्तरीको जिल्ला सदस्यसम्म बनेका छन्। परन्तु डोम समुदायको आफ्नै परम्परागत राजनीतिक नेतृत्व भने हुन्छ। त्यस्तो नेतृत्वलाई डोम समुदायमा माइन्जन भनिन्छ। गाउँस्तरको नेतृत्व गर्ने धेरै जबारमध्येबाट एउटा माइन्जन चुनिन्छ।

सप्तरीलाई डोम समुदायले चौगम्बा, पकरी र झमुना गरी ३ प्रगन्नामा विभाजन गरी आफ्नो प्रशासन चलाइरहेका छन्। चौगम्बामा ५, पकरीमा ७ र झमुनामा ६ जना माइन्जन छन्। आ–आफ्नो नीति/नियमअनुसार माइन्जनहरूले प्रगन्ना सञ्चालन गर्छन्।

व्यभिचार, चोरी विवाहसम्बन्धी, जमिन, जङ्गल, पानी जस्ता स्थानीय स्रोतसम्बन्धी झैझगडा, परम्परागत रीतिरिवाजको उल्लङ्घन र अपराधको न्याय निसाफ गरी दण्ड सजायसमेत माइन्जनले तोक्छन्। माइन्जन/जबारको अनुमतिबिना कुनै पनि काम गरेमा दण्डित हुनुपर्छ।

**गाउँ नै अंश**

९४ प्रतिशत डोमको खेती गर्ने कुनै जमिन छैन, उनीहरू भूमिहीन छन् र उनीहरूलाई वर्षभरि खाद्यान्न सङ्कट पर्छ *(साह : सन् २००७)*। जमिनको टुक्रासमेत नभएका समुदायमा जातीय जमिनदारी प्रथा अर्थात गाउँ खरिद/बिक्री प्रथा भने कायम छ। चल/अचल सम्पत्ति,

४. राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार राष्ट्रिय औसतमा परिवारको औसत आकार ४.९ जना प्रतिपरिवार छ।
५. https://jagaranmediacenter.wordpress.com/2016/07/26/

जग्गा, नगद, गरगहना र जायजेथा नहुनाले आफ्नो शेषपछि डोम समुदायमा आफ्नो हिस्सामा रहेको गाउँ बाँडफाँट गरेर अंशबन्डा गरिन्छ। यसरी अंशबन्डा गर्दा उनीहरूले कागजमा गाउँको चौहद्धी खोल्दै गर्छन् । बाँसको साम्रगी बेचेर बिक्री गर्ने डोम जाति सामग्री बिक्री गर्न, ग्रहणका बेला दानदक्षिणा माग्न, दाहसंस्कारको आगो बेच्न गाउँ बाँडफाँट गर्छन्।

आफ्नो भागमा परेको गाउँभन्दा बाहिर गएर अरुको जमिनदारीमा यस्तो कार्य व्यापार गर्न पाइँदैन । खेती गर्ने सिप नभएको, शारीरिक कष्ट बढी हुने कृषि मजदूरी गर्न नचाहेको र सजिलै अनुमति पनि नपाइने भएकाले उनीहरु खेत किन्दैनन्। बरु त्यति रकममा कार्य व्यापार गर्न गाउँ किन्छन् र जीवन निर्वाह गर्छन्। त्यसैका लागि पनि प्रत्येक गाउँमा थोरै परिवारमात्रै बसोबास गर्छन्। शव जलाउनका लागि डोम जातिसँग आगो खरिद गर्ने चलन भएकाले गाउँमा कसैको मृत्यु भयो भने दाहसंस्कार गर्न डोमको हातको आगो चाहिन्छ।

कानुनीरूपमा नेपालका कुनै पनि नागरिकले कुनै पनि ठाउँमा जग्गा किन्न, घर बनाएर बस्न पाउँछ। तर सम्पन्न भए पनि डोमले नयाँ ठाउँमा जमिन किनेर घर बनाउन र बस्न पाउँदैनन् । सो ठाउँको कुनै डोमसँग औपचारिकरूपमा एक घर भए पनि मोल लिएर अनुमति पाएपछि मात्र बस्न पाउँछन् । नयाँ ठाउँमा बस्न प्रायः पुराना बासीले अनुमति दिँदैनन् । अनुमति नलिइ घर बनाउन खोजे सबै मिलेर दुःख दिने, बेइज्जत गर्ने र जातिच्यूत गर्ने गर्छन्।

**डोमहरूको सङ्घर्ष**

जातीय उत्पीडन र छुवाछूतविरुद्ध दलित मुक्ति आन्दोलनले ७ दशक पूरा गरे पनि डोम समुदायले आफ्नो जातीय मुक्तिका लागि आन्दोलन गरेको भने २ दशक पनि पुगेको छैन । सप्तरीमा वि.सं. २०५५ सालपछि सिनो बहिष्कार आन्दोलन र दसैँमा ढोल नबजाउने आन्दोलनले दलितहरूलाई एकाकार बनाउँदै लग्यो। उक्त आन्दोलनको लहर उठेसँगै डोम समुदायबाट सप्तरीका युक्तिलाल मरिक, सुनसरीका जगदीश मरिक, बेचन मरिक, सुनिता मरिक र सिरहाका रामचन्द्र मरिकले आ–आफ्नो ठाउँको नेतृत्त्व लिए । डोम समुदायको महिनौँको सङ्घर्षपछि २०५९ चैत २५ गते पहिलोपटक छिन्नमस्ता मन्दिर उनीहरूका लागि खुला भयो। वि.सं. २०६० मा मधुपट्टी डिहवार थानमा दलित प्रवेश विवाद, सोही साल सुनसरीको दुहवीमा डोम प्रवेश निषेध प्रथाविरुद्ध आन्दोलन र सुनसरीको इनर्वा बजारको होटल प्रवेश विवादमा सफलता प्राप्त गरेपछि हौसिएका डोम समुदायले जातिगतरूपमा सङ्गठित हुनुपर्ने आवश्यकता बोध गरेका थिए । परिणामस्वरूप राजविराजमा २०६१ मा आयोजित जिल्लास्तरीय डोम भेलाले डोम उत्थान समाज नामक सङ्गठन निर्माण गऱ्यो।

छिन्नमस्ताका युक्ति मरिकको नेतृत्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेर विभिन्न पसलमा चिया नास्ता खान गएका डोमहरूसँग पसलेले दुर्व्यवहार गरे र पसलबाट लखेटे । २०६१ माघ ३० गते राजविराजको ३ वटा होटलका पसलेले सिसा गिलासमा चिया खानसमेत दिएनन्। डोम उत्थान समाजले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन् । पीडकलाई केही कारबाही नभएपछि २०६१ चैत ३० गते सप्तरी जिल्ला अदालतमा छुवाछूतविरुद्धको पहिलो मुद्दा दर्ता भयो। त्यसपछि चलेको छुवाछूतविरुद्धको कानुनी लडाइँ झण्डै ३ वर्षसम्म जारी रह्यो । अन्ततः पहिलोपटकका लागि आरोपितहरूलाई अदालतले नसिहतसहित ५१–५१ रुपियाँ जरिवाना तोक्दै मुद्दाको टुङ्गो लगायो।

'सम्पूर्ण दलित एक होऔं, जातीय छुवाछूतविरुद्ध सङ्गठित प्रतिवाद गरौँ' नारासहित २०६२ असार २९ गते सिरहामा डोम तथा मेस्तर उत्थान समितिको आयोजनामा भएको सहभोज कार्यक्रममा सिडिओ, राजनीतिक दलका नेतासहित २ सय दलित/गैरदलित समुदायको सहभागिता थियो *(विशुन्के र विश्वकर्मा २०६५ : ३२)*।

छुवाछूत र जातीय भेदभावजस्ता विषयले गाउँ–गाउँमा व्यापक चर्चा पाउँदै गएपछि २०६२ मा सप्तरीको भारदहस्थित कङ्कालिनी भगवती मन्दिर र सुनसरीको इनरुवास्थित सत्यनारायण मन्दिरमा डोमहरूको प्रवेश खुला भयो।

सिरहाको लहानमा २०६३ असार २५ गते भएको बृहत् भेलामार्फत गठन भएको अञ्चलस्तरीय डोम तथा मेस्तर सङ्घर्ष समितिले साउन २० र २१ गते समेत बृहत् भेला आयोजना गरेको थियो। उक्त भेलाले संविधान सभामा प्रतिनिधित्वको ग्यारेन्टी गरिनुपर्ने, ३३ प्रतिशत महिला आरक्षणभित्र डोम र मेस्तर महिलाको अधिकार ग्यारेन्टी हुनुपर्ने, प्राथि तहदेखि उच्च शिक्षासम्म निःशुल्क पठनपाठन गरिनुपर्ने, अस्थायीरूपमा कार्यरत स्विपरहरूलाई स्थायी गरिनुपर्नेलगायतका माग गरेको थियो *(विशुन्के र विश्वकर्मा २०६५ : ३२)*।

इनरुवाकै चियापसलमा ग्लास फोड्ने आन्दोलनजस्ता गतिविधिले जातीय विभेदविरुद्ध समाजको ध्यानाकर्षण गरायो । भारदहस्थित एक होटलभित्र डोम पस्दा २०६४ मा चर्केको विवाद मिलापत्र भई होटलमा प्रवेश खुला भयो । सिरहाको धनगढीमा २०६७ मा होटल प्रवेश निषेध अन्त्य भयो ।

संविधान सभाका लागि छनोट हुने ६०१ प्रतिनिधिमध्ये बाँकी २६ सिटमा डोम तथा मेस्तर समुदायलाई प्रतिनिधित्व गराउन माग गर्दै सप्तरी, सिरहा, उदयपुर र धनुषामा २०६५ जेठ १ गतेदेखि धर्ना, तालाबन्दी, चक्का जाम, मसाल जुलुस र राजविराजमा जेठ २१, २२ र २३ गते ३ दिने अनशन, संविधान सभाअगाडि असार १, २ र ३ गते आमरण अनशन भएको थियो ।

सिरहाको धनगढी गाविस–३ की ५५ वर्षीया प्रमिला मल्लिकलाई २०७२ साउन २० गते गाउँको सार्वजनिक इनारमा पानी भर्न नदिइ कुटपिट गरेर जातीय भेदभाव तथा छुवाछूत गरेको ठहर गर्दै सिरहा जिल्ला अदालतले सिरहाको धनगढी गाविस–३ का जयकुमार महतो, पवनकुमार महतो, रञ्जित महतो, सुनिता महतो, जलेश्वर महतो र रामनारायण महतोबाट जनही ३/३ हजार जरिवाना र ३० हजार क्षतिपूर्ति तिराउने फैसला गर्‍यो ।

पछिल्लोपटक २०७४ साउन २ गते भएको जिल्लास्तरीय डोम भेलाको निर्णयमा युक्ति मरिक नै पुनः अध्यक्ष भए । जातीय छुवाछूत र घर उठीवासविरुद्ध आन्दोलन र विकृति/विसङ्गतिविरुद्ध सचेतना कार्यक्रम गर्दै आएको समाजले महिला हिंसा, असमान ज्याला, बालविवाहविरुद्ध अभियान सञ्चालन गर्दै मोही, हरुवा/चरुवा, भूमिहीन सुकुमबासी, संयुक्त पुर्जा आदिबारे सचेतना कार्यक्रम गर्दै आएको छ ।

**मुख्य समस्या**

**छुवाछूत** : डोमले बनाएको सुपली, ढाला, कोनिया, ढकिया भगवानलाई चढाइन्छ । कानुनीरूपमा छुवाछूत अन्त्य छ । तर पनि उनीहरू भने छोइन्छन् । उच्च जातका मानिसका घरमा यिनीहरूको प्रवेश वर्जित छ । यिनीहरूलाई अन्य दलितले समेत अछूत भनेर हेप्ने चलन कायम छ । उनीहरूले प्रयोग गर्ने धारा वा ट्युबवेल नै भिन्नै छ । समाजमा छुवाछूतको मार खेपिरहेका डोम समुदायले सम्मानपूर्वक बाँच्न पाएका छैनन् । उनीहरूको श्रम, सिप र कलाबिना अरुको जीवन चल्दैन, जन्म, विवाह, मृत्यु, चाडपर्व हरेक अवसरमा उनीहरूले हातले बुनेका बाँसजन्य सामग्री चाहिन्छ र पूजामा चढाइन्छ । तर तिनै भूमिकाको आधारमा डोम समुदायलाई गरिने भेदभाव र छुवाछूतले समाजको गतिशीलता भने अवरुद्ध पार्दै आएको छ । पुस्तौंदेखि खेप्दै आएको छुवाछूतको व्यवहारले डोम समुदाय अपहेलना सहन बाध्य छन् । गाउँका हाटबजार, होटलमा प्लेटमा खान र गिलासमा चिया वा पानी पिउन तथा शहरमा डेरा पाउँदैनन् । होटल, पसलमा बाहिर बसेर चिया र खाजा खानुपर्ने, त्यो पनि आफ्नै भाँडामा खानुपर्ने वा खाएको भाँडा माझ्नुपर्ने जस्ता चलन यद्यपि विद्यमान छन् ।

श्रम र सिप स्वीकार्ने समाजले अझै अछूत जाति भनेर हेला गरिरहेको छ । अन्य दलितले समेत डोम समुदायलाई चर्को विभेद र अमानवीय व्यवहार गर्छन् । छिमेकका अन्य समुदायबाट असाध्यै प्रताडित बनेका डोमहरू ‘डोम’ को सट्टा स्थानीयरूपमा सम्मान पाउन आफ्नो नामका पछाडि ‘मल्लिक’, ‘मरिक’ लेख्न थालेका छन् । छुवाछूतलाई कानुनले दण्डनीय माने पनि अमर्यादित जीवन बाँच्न बाध्य डोम समुदायका लागि कानुनको कार्यान्वयन नै चुनौती बनेको छ ।

डुमहरू त झनै हरेक दृष्टिकोणबाट पछाडि परेका छन् । एकातर्फ उनीहरू दलित हुनुको सामाजिक विभेद सहन बाध्य छन् भने अर्कोतर्फ अशिक्षित र उपेक्षित पनि । त्यसैले राज्यले त प्राथमिकताका साथ उनीहरूका समस्यामाथि गम्भीर हुनुपर्छ *(झापाली, गोपाल २०६२ : ६)* ।

**कमजोर आर्थिक अवस्था**

डोमको खेती गर्ने कुनै जमिन छैन । अर्थात उनीहरू भूमिहीन छन् । त्यसैले उनीहरूलाई वर्षभरि खाद्यान्न सङ्कट पर्छ । यसले पनि डोम समुदायको गरिबी देखाउँछ । यो समुदाय सुङ्गुर पाल्छन् । सामाजिक संरचना तथा छुवाछूत र जातीय भेदभावका कारण डोम समुदायबाट दूध, दही, घिउ, तेल, चिया, नास्ता जस्ता पदार्थ अन्य समुदायले नकिन्नाले उनीहरू गाई/भैंसी पालन, किराना पसल, होटल इत्यादि व्यवसाय गर्न सक्दैनन् । महिलाले पुरुषभन्दा बढी घरेलु कामधन्दा र टोकरी बुन्ने काम गर्छन् । उनीहरू बाँसका टोकरी बनाएर वरिपरिका गाउँमा पैसा र अन्य वस्तुसँग साटेर जीविकोपार्जन गर्छन् ।

डोम समुदायमा पितृसत्तात्मक जातीय संरचना कायम छ । डोम समाज र परिवारमा महिलाको सामाजिक/आर्थिक हैसियत कमजोर छ । दाजुभाइबीच, सासू र बुहारीबीच तथा देउरानी र जेठानीबीचको झगडा नै डोम समुदायमा परिवार टुक्रनुका मुख्य कारणका

रूपमा देखिएका छन्। परिवार टुक्रनुको परिणामस्वरूप डोम समुदायमा ८६ प्रतिशत एकात्मक परिवार रहेको छ तर १४ प्रतिशत अझै बृहत् परिवार बाँकी छ *(साह सन् २००७)*।

ग्रामीण भेगमा बसोबास गरेका डोम समुदायको कुल जनसङ्ख्यामध्ये ९० प्रतिशतको घर पराल, फुसको छाप्रोयुक्त छ। सप्तरी जिल्ला २०७४ चैत २१ गते खुला दिसामुक्त एवम् पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भए पनि डोम समुदायका अधिकांश सदस्य अझै पनि घरबाहिर शौचालय जान बाध्य छन्। डोम समुदायको छिन्नमस्ता १ मा एउटा र वडा नम्बर २ मा ४ वटा घरमा शौचालय छ। उक्त शौचालय पनि परिवारका सबैले प्रयोग गर्दैनन्। शौचालयमा शौच गर्ने बानी नपरेकाले ग्रामीण समुदायका अधिकांश डोम परिवारका बालबालिका, पुरुष तथा महिलासमेत शौच गर्न सडकको छेउछाउ, पर्ती जग्गा, बाँसघारी र खेतमा जान बाध्य हुनुपर्ने अवस्था छ।

समता फाउन्डेसनको एक प्रतिवेदनअनुसार १ सय ३९ डोम परिवारमध्ये ८५ प्रतिशतले मृत्यु दर्ता नगरेको, ४५ प्रतिशतले विवाह दर्ता नगरेको, २९ प्रतिशतले जन्म दर्ता नगरेको र ५२.५ प्रतिशतले मात्र संविधान सभामा मतदान गरेका पाइएको छ।

**भूमिहीनता**

गरिबी र भूमिहीनता डोम समुदायको मुख्य समस्या हो। ५ प्रतिशत डोमको मात्र स्थायी घर छ भने ८०.४ प्रतिशतको घर अस्थायी प्रकृतिको छ *(सिग्देल र लामिछाने २०६४:११)*। उनीहरूको घरको संरचना भुइँ तला मात्रै भएको साँघुरो छाप्रोजस्तो हुन्छ जहाँ सुङ्गुर तथा अन्य घर पालुवा जनावर पनि पालिएका हुन्छन् *(साह २०६४:१८)*। यो अध्ययनअनुसार ८४ प्रतिशत डोम ऐलानी, पर्ती र अरुको जमिनमा घर बनाएर बसेको देखिन्छ। पराल र प्लास्टिकले छाएको सानो फुसको छाप्रोमा हिउँद बर्खा कटाउँदै आएका उनीहरूको घर वर्षामा चुहिने, गर्मीमा आगलागी हुने र हावाहुरीले उडाउने गर्छ। गरिबी र भूमिहीनताले खाद्यान्न सङ्कट झेलिरहनुपरेको छ।

**दयनीय शैक्षिक अवस्था**

धेरैजसोले स्कुलको मुख कहिल्यै देख्न पाएका छैनन्। त्यसकारण उनीहरू प्रत्येक क्षेत्रमा पछि परेका छन्। नेपालको साक्षरता दर १० वर्षमा ५४.१ बाट बढेर २०६८ मा ६५.९ पुगेको छ। पुरुष साक्षरता ७५.१ र महिला साक्षरता ५७.४ छ। माडवारी, कायस्थ, ब्राह्मण, क्षत्री, नेवार जातिको साक्षरता दर ६० देखि ९९ प्रतिशत छ भने सीमान्तकृत समूहमा रहेका डोमको भने ६.५ प्रतिशतमात्र छ *(युनेस्को २००८: १८)*। राजेन्द्रप्रसाद शाहले सिरहाको ७२ घरमा गरेका अध्ययनअनुसार ८६.११ प्रतिशत डोम निरक्षर छन् *(शाह सन् २००७ : ३७)*।

**सङ्कटमा परम्परागत सिप र पेसा**

पुख्र्यौली पेसाअनुसार चाडपर्व र दैनिक उपभोगमा प्रयोग हुने बाँसका ढक्की, नाङ्लो, सुपली, ढाला, कोनिया, पङ्खा आदिलाई बढ्दो आधुनिकतासँगै प्लास्टिक, आल्मुनियम, पित्तल, फलाम आदिले बिस्तापन गर्न थालेपछि चार्डपर्वबाहेक बाँसका सामग्री बिक्न छाडेका छन्। बजारमा प्लास्टिकका समानले ढाकेपछि डोम समुदाय क्रमशः पेशाबाट बिस्थापित भएका छन्। अर्कोतिर अन्य समुदायले पनि तालिम लिएर यो पेशा अङ्गालेका छन्। अग्निसाइर कृष्णसबरन गाउँपालिकास्थित वसन्तपुर चोक, रूपनी गाउँपालिकाको वीरेन्द्रबजार, शम्भुनाथ नगरपालिकाको भलुवाही खैरवोना, कञ्चनरूप नगरपालिकाको बेङ्गरी र बक्साहालगायतमा अन्य समुदायले समेत बाँसको चोयाबाट निर्मित नाङ्गलो, ढकिया बेचेर मनग्गे आम्दानी गरिरहेका छन्।

पुख्र्यौली पेसालाई डोम समुदायले निरन्तरता दिन खोजे पनि पेसा र व्यवसायलाई आधुनिकीकरण गर्न नसक्दा समयअनुसारको रोजगारी नपाउने र व्यवसायबाट बिस्थापित हुने स्थितिमा पुगेका छन्। यसरी औद्योगिकीकरण र आधुनिकीकरणले पुख्र्यौली पेसा सङ्कटमा परेकाले यिनीहरूको इलम, सिप, कला, क्षमता लोप हुँदै गएको छ। आर्थिक अभावले वैकल्पिक पेसा पनि अङ्गाल्न नसक्दा आर्थिक अवस्था कमजोर बन्दै गएको छ। डोम समुदायका परम्परा पेसा लोप हुँदै गइरहेकाले राज्यले वैकल्पिक अन्य सिपहरूको क्षमता अभिवृद्धि गर्दै जीवनमुखी शिक्षाको व्यवस्था गर्नुपर्छ।

**मादक पदार्थ सेवन र खर्चालु बानी**

धूमपान र मद्यपान जस्ता कुलत यो समुदायमा व्यापक छ। डोम समुदायमा भोजभतेरको जुठो ल्याएर खाने, मसानघाटबाट पुराना कपडा ल्याउने, सुङ्गुर पाल्दा सरसफाइमा ध्यान नदिने, अत्यधिक मदिरा सेवन गर्ने, असमान ज्यालामा काम गर्नेलगायतको समस्या यथावत छ। कमाएको अधिकांश रकम मादक पदार्थ र लागु पदार्थमा खर्च गर्ने यिनीहरू बचत गर्दैनन्।

**नीतिगत समस्या**

पहिलोपटक जातीय विभेद तथा छुवाछूत कसुरलाई कानुनीरूपमा मुलुकी ऐन, २०२० को अदलको महलले दण्डनीय बनायो। नेपाल अधिराज्यको संविधान, २०४७ ले कानुनीरूपमा निषेध गऱ्यो। तर त्यसपछिको १५ वर्ष लामो अभ्यासमा दलित समुदायलाई सम्बोधन गरी कुनै नीति तथा योजना र कानुन निर्माण भएन।[६]

राज्यले २०६२/६३ को दोस्रो जनआन्दोलनपछि सबै निकायमा समावेशी तथा समानुपातिक प्रतिनिधिको व्यवस्था गर्ने नीति लियो। सरकारले २०६३ जेठ २१ गते छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो। २०६८ जेठ १० गते जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६८ पारित भयो। नेपाल अधिराज्यको संविधान, २०४७ ले झैँ नेपाल अधिराज्यको संविधान २०६३ र नेपालको संविधान (२०७२) ले सकारात्मक विभेदको नीति अपनाउन सक्ने व्यवस्था गरेको छ। प्रस्तावनामै जातीय छुवाछूत अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ (नेपालको संविधान प्रस्तावनाको चौथो अनुच्छेद)। संविधानले अन्य व्यवस्था गर्नुका साथै संवैधानिक आयोगका रूपमा राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ।

निर्वाचन आयोगले निर्वाचनसम्बन्धी ऐन/कानुनमा दलितहरूको जनसङ्ख्या १३.८ प्रतिशत कायम गर्दै प्रतिनिधि सभामा सोहीबमोजिम दलितलाई सिट आरक्षित गरेको छ। निजामती ऐनअनुसार आरक्षित कोटामध्ये सरकारी सेवामा ९, सुरक्षा निकायमा १५ र शिक्षा क्षेत्रमा ९ प्रतिशत आरक्षणको व्यवस्था छ। तर आरक्षित समूहमध्येका मधेसी, दलितले त्यो हक र सुविधा उपभोग गरे पनि डोमसम्म पुग्न पाएको छैन। आरक्षित समूहभित्र पनि सबै वर्ग/समुदायको प्रतिनिधित्व गर्न/गराउन तिनका लागि शिक्षा तथा विशेष प्रशिक्षणको प्रबन्ध गर्नुपर्ने देखिन्छ।

संविधानको धारा ४० (७) ले दलितहरूका लागि प्राप्त सेवा/सुविधा र अवसरमा दलित महिला र दलितभित्रका पनि कमजोर दलितहरूले पनि समानरूपमा पाउने सुनिश्चित गरेको छ। निजामती ऐनमा राज्यले सकारात्मक विभेदको आधारमा महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई आरक्षण दिँदा आर्थिक र सामाजिकरूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित सम्झनुपर्छ भनी लेखिएको छ। आर्थिक र सामाजिकरूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितको सूची सरकारले राजपत्रमा प्रकाशित गरेबमोजिम हुने उल्लेख छ। तर, समावेशी पदपूर्ति व्यवस्था लागु गरिएको करिब १० वर्ष भइसक्दा पनि यी लक्षित वर्गका आर्थिक, सामाजिकरूपमा पछाडि परेका सूचक तय गरी राजपत्रमा प्रकाशन गरिएको छैन। फलस्वरूप समावेशी राज्यको परिकल्पनाअनुसार जे/जस्ता लक्षित वर्गलाई समेट्न खोजिएको थियो, त्यस्तो वर्गको प्रतिनिधित्व नै हुन सकेको छैन।[७]

विभिन्न तथ्याङ्कले निजामती सेवा, नेपाली सेना, प्रहरी र न्यायालयको कुल कर्मचारीमा दलितको न्यून उपस्थिति देखाएका छन्। त्यसमध्ये पनि डोमहरू तल्लो तहका सहायक पदमा औँलामा गन्न सकिनेमात्र छन्। तथ्यले मधेस र दलितको कोटामा डोमले प्रतिस्पर्धा गर्न सक्ने अवस्था देखिँदैन। यसकारण डोमलाई छुट्टै कोटा तोकिनु जरुरी देखिएको छ। दलितभित्र मधेसी दलितले र मधेसी दलितभित्र डोम जस्ता आर्थिक र सामाजिकरूपमा पछाडि परेकाहरूको कोटा आरक्षित गर्नुको विकल्प छैन। डोमलाई दलितभित्र पनि महादलितऽ को सूची बनाएर आरक्षणलगायतका सेवा/सुविधा दिइ उत्थान गर्ने समावेशी रणनीति लिनु आवश्यक छ।

जनता आवास कार्यक्रमअन्तर्गत सङ्घीय सरकारको बजेटबाट आर्थिक वर्ष २०७६/०७७ मा सप्तरीको करिब ६ सय र सिरहाको ७ सय डोम र मेहतरका लागि पक्की घर निर्माण गरिने भएको शहरी विकास तथा भवन कार्यालय राजविराजले जनाएको छ। कार्यालयका अनुसार छिन्नमस्ताको ५१ डोमका साथै सप्तरीका सबै (५४१) डोमको पक्की घर निर्माण हुनेछ। बरण्डासहित २ कोठे पक्की भवनका लागि प्रतिघर ३ लाख ३२ हजार ५ सय र शौचालय निर्माणका लागि थप १० हजार रुपियाँ बजेट छुट्याइएको छ। भूमिहीन डोमको बसोबास खासगरी ऐलानी पर्ती, नहर तथा सडक डिल र अरुको निजी जग्गामा रहेकाले घर निर्माण प्रक्रियामा व्यावहारिक कठिनाइ छ। जग्गा

६. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) : महिला, दलित र अपाङ्गतासम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। २०७३ : ९१

७. पासवान, भोला मङ्सिर १५, २०७४, कान्तिपुर दैनिक : दलित कोटामा मधेसीको पहुँच https://ekantipur.com/opinion/2017/12/01/20171201070709.html

भएकालाई घर बनाइदिने नीतिले स्थानीय तहले जग्गा व्यवस्थापन नगरेसम्म घर निर्माण सम्भव देखिँदैन र यो सङ्ख्या घट्ने सम्भावना देखिएको छ।

शिक्षा मन्त्रालयले न्यून आय भएका दलितका लागि विशेष छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७२ देखि कार्यान्वयनमा ल्याए पनि डोम समुदायबाट पहिलोपटक २०७५/२०७६ मा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ९ रम्पुराका १९ वर्षीय दिनेशकुमार मरिकले सरकारी छात्रवृत्तिमा एमबीबीएस पढ्ने अवसर पाएका छन्। एसएलसीमा प्रथम श्रेणीमा पास भएको हुनुपर्ने, सम्बन्धित शिक्षण संस्थाको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना वा भर्ना हुने निश्चित आधार पेस गर्नुपर्ने कार्यविधिमा व्यवस्था छ। लगातार २ वर्षभन्दा बढी अध्ययन गरिरहेको तहको परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई यो सुविधा प्रदान गरिँदैन।

सामुदायिक मावि र उमाविबाट उत्तीर्ण हुनुपर्ने व्यवस्थाले झण्डै दिनेशले पनि चिकित्सक पढ्ने अवसरबाट वञ्चित हुनुपरेन। एसईईमा प्रथम श्रेणी ल्याएर पास हुने डोम समुदायका विद्यार्थीलाई राम्रा सामुदायिक उमावि वा निजी उमाविमा पूर्ण छात्रवृत्तिमा पढ्ने व्यवस्था र कक्षा ११ र १२ पास भएकालाई चिकित्साशास्त्र र इन्जिनियरिङमा नाम निकाल्न आवासीय छात्रवृत्तिसहित विशेष कोचिङ कक्षाको व्यवस्था नगरिए डोम समुदायका विद्यार्थीले यो अवसर नपाउने अवस्था छ।

औपचारिक/अनौपचारिक तथा व्यावसायिक शिक्षाका पाठ्यक्रममा तराई दलित विशेषगरी डोम समुदायका सिपलाई समावेश गर्न सकिएमा मानसिकरूपमा गर्वबोध हुनुका साथै परम्परागत सिप सिक्न उनीहरू तयार हुन्छन्। अन्य समुदायका बालबालिका पनि यस्तो सिपबाट लाभान्वित हुन्छन् एवम् दलित र गैरदलित विद्यार्थीबीचको अन्तरक्रिया पनि बढ्छ।

आर्थिक वर्ष २०६६/२०६७ को बजेट वक्तव्यमार्फत अन्तरजातीय विवाह गर्ने जोडीलाई १ लाख रुपियाँ प्रोत्साहन भत्ता दिने कार्यक्रम दिगो रहेन् र डोमसम्म त पुग्दा पनि पुगेन। आयआर्जनका लागि सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्ने नीति लिए पनि ती कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्। समाजमा रहेका विपन्न वर्गलाई लक्षित गरी सञ्चालनमा ल्याइएका विपन्न वर्ग कर्जा लक्षित समुदायसम्म पुग्न नसकेको एक अध्ययनले देखाएको छ।[८]

६० वर्षमाथिका सबै दलितलाई सामाजिक सुरक्षा भत्ता दिने नीतिगत कार्यक्रम लोकप्रिय छ। अन्य दलितका तुलनामा डोम समुदायमा जन्म दर्ता, विवाह दर्ता, नागरिकता बनाउने प्रचलन कम भएको र प्रशासनिक झन्झट मान्ने कारणले सबैमा कार्यान्वयन हुन सकेको छैन्। दलित लक्षित अन्य सरकारी कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आवासीय सुविधासहित निःशुल्क छात्रवृत्ति, बाल संरक्षण अनुदानअन्तर्गत दलित बालबालिकाका लागि मासिक २ सय रुपियाँ भत्ता प्रदान गरिँदै आएको छ। दलित वर्ग लक्षित कार्यक्रम तय गरी लागु नभएका होइनन् तर ती कार्यक्रम निरन्तर चल्न वा दिगो हुन सकेका छैनन्[९]।

अहिले पनि जातीय विभेद र छुवाछूत तथा सबै प्रकारका विभेद अन्त्यका लागि अगाडि ल्याइएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। तथापि जागरण र चेतनाको विकासले कानुनको ज्ञान र दण्डको भय बढेको छ। बदलिँदो राजनीतिक परिवर्तनसँगै पछाडि पारिएका दलित समुदायको आवाजले छलफल र बहसमा स्थान पाउन थालेको छ। शोषित, पीडित र अन्यायमा बाँचेकाहरूले न्याय प्रत्यक्ष अनुभूति गर्न नपाए पनि मान्छेको मनोविज्ञानमा क्रमशः परिवर्तन आउन थालेको छ। त्यसैगरी दलित समुदायभित्र विद्यमान आन्तरिक छुवाछूत र आन्दोलनभित्रको लोकतान्त्रिकीकरण तथा सुशासनका विषयमा पनि सामान्य बहस हुन थालेको छ।

**निष्कर्ष**

हिन्दु समाजमा सबैजसो दलितले सयौँ वर्षदेखि जातीय विभेद र छुवाछूत भोग्दै आएका छन्। यो भोगाइको मात्रा र घनत्व फरक रहे पनि सिङ्गो दलित समुदायलाई समग्र रूपमा लिने र चर्चा गर्ने प्रवृत्ति पाइन्छ। यस्तो प्रवृत्तिले सबै दलितको समस्या एउटै र समान स्तरको रहेको भ्रम सिर्जना गरेको छ। यो भ्रमले दलित समुदायभित्रको भिन्नतालाई सही मानेमा प्रतिविम्बित गर्न सकेको छैन तथा सिङ्गो दलित

८. बन्जाडे, यज्ञ विपन्न वर्गमै पुगेन विपन्न वर्ग कर्जा, नयाँ पत्रिका, २०७२ असोज ८ गते, शुक्रबार, पृष्ठ ७
९. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। २०७३। महिला, दलित र अपाङ्गता सम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। काठमाडौँ : कलर्स प्रिन्ट एन्ड प्रडक्सन प्रा.लि.।

समुदायका समस्यालाई सही र वस्तुवादी ढङ्गले विश्लेषण गर्न दिएको छैन ।

सिङ्गो सामाजिक संरचना र विभिन्न क्षेत्रका दलित समुदायका अनेकौँ जातिमध्ये सबैभन्दा तल पारिएको डोम समुदाय दलितभित्रको पनि महादलित हुन् । विभेदको भोगाइमा सबैभन्दा बढी मारमा परेको डोम र अन्य दलितलाई फरक गरेर सही र वस्तुवादी विश्लेषण गर्न सकेमा मात्र सही निष्कर्षमा पुग्न सकिन्छ । अन्य दलितभन्दा डोम समुदायका समस्या फरक रहेकाले समाधान पनि फरक किसिमले गर्नुपर्ने हुन्छ । सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाले दिने सुविधामा प्राथमिकतासाथ विशेष व्यवस्था गर्नुपर्छ ।

छुवाछूतप्रतिको धारणा र व्यवहारमा कमी हुँदै गए पनि त्यसलाई आत्मसात् गर्न अझै डोम समुदायलाई समस्या छ । वर्षौँदेखिको अछूतका रूपमा स्वयंलाई हेर्ने बानी पर्नु र अन्य समुदायले हेयको दृष्टिले हेर्ने, चिहान खन्ने र लास जलाउने परम्परागत पेसाले पनि उनीहरू हीनताबोधले अझै खुम्चिएका छन् । डोम समुदायमा रक्सी खाने, एकापसमा झगडा गर्ने प्रवृत्ति आमरूपमा देखिन्छ । उच्च जातकाले डोम समुदायलाई समान हैसियत दिन चाहँदैनन् । अन्तर–दलित छुवाछूतले दलित ऐक्यबद्धतामा गम्भीर असर पु ऱ्याइरहेको छ । तराई दलितकै बीचमा खाना, पानी, विवाह र रीतिथितिमा तल्लो–माथ्लो जातमा आधारित छुवाछूत निकै छ ।

दलितमाथिको जातीय भेदभाव डोमहरूले बेहोर्नुपरेको प्रमुख समस्या हो । शिक्षा र चेतनामुखी कार्यक्रमले पनि मनस्थिति सुधार्न सकेको छैन । स्वयं डोम समुदाय पनि आफ्नो बहिष्करणविरुद्ध सचेत हुन सकेका छैनन् ।

**सुझाव**

दलितहरूको समस्या अन्य जातिभन्दा फरक रहेकाले समाधान पनि फरक किसिमले गर्नुपर्छ । उत्थान र विकासका लागि परम्परागत सिपको आधुनिकीकरण, आयआर्जनको स्रोतमा वृद्धि, शैक्षिक क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने टडकारो खाँचो छ । जातीयरूपले सबै मानव बराबर हो भन्ने भावना विकास गरी समाजमा अन्तर्घुलन गर्न पहल गर्नुपर्छ । सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक अवस्थामा परिवर्तन र विकासका लागि सरकारी/गैरसरकारी सङ्घ/संस्थाको सहयोग अपरिहार्य छ ।

दलितभित्र पनि अत्यन्त पछाडि परेका समुदायको समुचित विकासका लागि प्राथमिकीकरण निर्धारण गर्नुपर्छ । मूलधारको दलित आन्दोलनले पछाडि परेका दलितको मुद्दालाई सशक्तरूपमा उठाउनु आवश्यक छ । त्यसका लागि विभिन्न दलित समुदायबीच अन्तरसंवाद खाँचो छ । आजको वैज्ञानिक युगमा पनि मन्दिर प्रवेश गरेको, धारा छोएको निहुँमा जातीय भेदभाव गर्ने समाज नै नहोस् भन्ने चाहना दलितहरूको हो ।

दुर्व्यवहार बेहोरेर कानुनी लडाइँ लड्नुभन्दा दुर्व्यवहार नै नभएको समाजको परिकल्पना दलितहरूको आन्दोलनले गरेको थियो । कानुन कार्यान्वयनको आवश्यकता पनि महत्त्वपूर्ण छ । सामाजिक र सांस्कृतिकरूपमा दलितहरू अरु जात समान नहुँदासम्म आर्थिकरूपमा सम्पन्न हुन सक्ने अवस्था रहँदैन । आर्थिकरूपले आत्मनिर्भर नभएसम्म शोषण, उत्पीडन र उपेक्षित बन्नुपर्ने हुन्छ । त्यसैले सबैभन्दा पहिले जातीय भेदभाव निर्मूल पार्नमै सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्नेमा दुई मत छैन ।

देशमा भएको पछिल्लो परिवर्तनले अन्य दलित समुदायको सामाजिक, आर्थिक, राजनीतिक प्रतिनिधित्व र पहुँच वृद्धि भए पनि अपहेलित, शोषित, बहिष्कृत डोम समुदायका मानिसको भने कतै पहुँच हुन सकेको छैन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले अन्य दलितको अवस्था थोरै सुधारोन्मुख बनाएको छ तर पिँधमा रहेका डोमले भने त्यसबाट लाभ लिन सकेका छैनन् ।

सरकारी सेवामा आरक्षण, शिक्षा, स्वास्थ्य, रोजगारमा विशेष व्यवस्था, जातीय छुवाछूत, विभेदका घटनामा पीडकविरुद्ध तुरुन्त मुद्दा दर्ता, डोम समुदाय बसोबास गर्ने क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था, डोम समुदायका विद्यार्थीलाई शिक्षा हासिल गर्ने क्रममा डेरा नपाउने जस्ता समस्या सम्बोधनका लागि दबाब सिर्जना गरिरहनुपर्छ । डोम समुदायको समुचित विकासका लागि विशेष व्यवस्था हुनुपर्छ । नेपालको संविधानमा व्यवस्था भएको दलितको हक, सामाजिक न्यायको हक र छुवाछूतविरुद्धको हकअन्तर्गतको मौलिक अधिकारको माग गर्दै डोम समुदाय स्वयम् सङ्गठित हुनुपर्छ ।

आदिवासी, जनजाति, मधेसी, महिलाका कुरा खुब उठे पनि दलितभित्रका दलित डोम समुदायको कुराचाहिँ नउठेकाले सामाजिक, आर्थिक, राजनीतिककरूपमा सबैभन्दा पछाडि रहेको यो समुदायको न्यायोचित व्यवस्थापन गर्न राज्यले ध्यान दिनुपर्छ ।

**सन्दर्भ सामग्री**


- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। २०७३। महिला, दलित र अपाङ्गतासम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। काठमाडौँ : कलर्स प्रिन्ट एन्ड प्रडक्सन प्रा.लि.।
- झापाली, गोपाल : २०६२ कात्तिक पूर्णाङ्क ५३। फिचर सेवा। विराटनगर : नेपाल प्रेस इन्स्टिच्युट क्षेत्रीय सञ्चार स्रोत केन्द्र।
- पासवान, भोला, इरिशा सुवाल । २०६९ । डोम समुदायको पहिचान बदलिँदो जीवनशैली । ललितपुर : समता फाउन्डेसन।
- विशुन्के, विनोद, मणिलाल विश्वकर्मा। २०६५। नेपालमा डोम र मेस्तर जातिको अवस्था। लहान, सिरहा : दलित जनकल्याण युवा क्लब।
- स्थानीय तह वस्तुगत विवरण सप्तरी, केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग।
- https://cbs.gov.np/wp-content/upLoads/2019/03/District%20Profile%20Saptari.pdf
- सिग्देल, उद्धव, बद्रीप्रसाद लामिछाने। २०६५। मधेसी दलित समुदायको परिचयात्मक पुस्तिका। काठमाडौँ : राष्ट्रिय दलित आयोग।
- सिन्हा, सच्चिदानन्द : सन् २००९। जाति व्यवस्था : मिथक, वास्तविकता और चुनौतियाँ। नइ दिल्ली : राजकमल प्रकाशन प्रा.लि.।
- Sah, R. P. 2007 Sociological Study of the Dom Community: A Case Study Of Siraha District, Nepal. Report Submitted to SNV. Nepal.
- Singh, G. C., P, Ruth, M. Nair. R. Grubesic and F.A. Connell. 2009. "Factors Associated with Underweight and Stunting among Children in Rural Terai of Eastern Nepal." in Asia-Pacific Journal of Public Health 21:144. URL: aph.sagepub.com/content/212/144.full.pdf [Last Accessend :1/28/2013.
- विभिन्न पत्रपत्रिका–पुस्तक, विभिन्न कार्यक्रममा प्रस्तुत कार्यपत्र र अगुवा दलित नेता र सर्वसाधारणसँगको छलफल, अन्तरक्रिया